राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १९७ २०८२ फागुन ७ गते बिहिवार (19 Feb. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## १३ हजार सहकारी ऋणीको सम्पत्ति रोक्का, बचत फिर्ता अझै अनिश्चित

दैनिक समाचारदाता
काठमाडौं, ६ फागुन । समस्याग्रस्त सहकारी व्यवस्थापन समिति ले १३ हजार ऋणी सदस्यको चलअचल सम्पत्ति रोक्का गरेको जनाएको छ। बचतकर्तालाई फिर्ता गर्नुपर्ने रकम असुली गर्ने उद्देश्यले बैंक खाता, सेयर तथा अचल सम्पत्ति रोक्का गरिएको हो।

कार्यालयका अनुसार नेपाल सरकारबाट समस्याग्रस्त घोषणा गरिएका अधिकांश सहकारी संस्थामा पूँजी अपर्याप्त छ भने असुली नहुने कर्जा उच्च दरमा रहेको छ। यही कारण बचतकर्ताको रकम पूर्ण रूपमा फिर्ता गर्न कठिनाइ भइरहेको जनाइएको छ। हाल रोक्का गरिएका सम्पत्तिबाट समेत सबै बचतकर्ताको रकम चुक्ता गर्न पर्याप्त नहुने कार्यालयको भनाइ छ।

समिति गठन भएदेखि हालसम्म २३ सहकारी संस्था जिम्मेवारीमा आएकामध्ये तीन संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गरी राफसाफ गरिएको छ। बाँकी २० संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी प्रक्रिया जारी रहेको छ।

समितिका अनुसार ७४ हजार ३ सय ७ जना बचतकर्ताबाट ४४ अर्ब ४८ करोड ९० लाख ५ हजार ६ सय २६ रुपैयाँ मागदाबी परेको छ। त्यसमध्ये हालसम्म ४ अर्ब १२ करोड ६६ लाख ५ हजार ६ सय ५४ रुपैयाँ मात्र फिर्ता तथा मिलान गरिएको छ।

ऋण असुली प्रक्रियामा अचल सम्पत्ति मूल्यांकन र मौद्रिक कारोबारमार्फत प्राप्ति प्रक्रिया जटिल तथा प्रक्रियामुखी भएकाले कार्य प्रभावकारी बनाउन चुनौती रहेको जनाइएको छ। मागदाबी पुगेका बचतकर्ताको रकम फिर्ता गरी हिसाबकिताब राफसाफ गर्न अझै समय लाग्ने अनुमान कार्यालयको छ।

कार्यालयका एक अधिकारीका अनुसार कार्यबोझ र प्रणालीगत जटिलताका कारण दक्ष, अनुभवी र उत्प्रेरित कर्मचारीको अभाव छ। कर्मचारीको छिटो-छिटो सरुवा हुनु, सूचना हस्तान्तरणमा कमजोरी तथा कार्यप्रगतिको निरन्तरता नहुनुजस्ता समस्याले बाँकी सहकारीको राफसाफ प्रक्रिया प्रभावित भएको छ।

त्यसैगरी, स्वार्थको द्वन्द्व, गलत सूचना प्रवाह, अफवाह र पीडितलाई प्रक्रियाबारे आश्वस्त पार्न नसक्दा समस्या थप जटिल बनेको बताइएको छ। सरोकारवालाबीच पर्याप्त

*बाँकी ३ पृष्ठमा*

## काँग्रेसको प्रतिज्ञा सभा सम्पन्न
# ‘टिम नेपाल’बाट कुशासन अन्त्य गर्ने प्रतिज्ञा

दैनिक समाचारदाता
जनकपुरधाम, ६ फागुन । नेपाली काँग्रेसका सभापति गगन थापाले ‘टिम नेपाल’ गठन गरेर पाँच वर्षभित्र कुशासन र गरिबी अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । जनकपुरधामको तिरहुतियामा बुधबार आयोजित प्रतिज्ञा सभामा उनले एक्लै परिवर्तन सम्भव नभएको उल्लेख गर्दै सबै शक्ति समेटेर अघि बढ्ने बताएका ।

“कांग्रेसले आजका समस्या समाधान गर्छ र भोलिको विकासतर्फ देशलाई अघि बढाउँछ । हाम्रो शक्ति सबैलाई समेटेर अघि बढ्नु हो,” उनले भने । उनका अनुसार ‘टिम नेपाल’ अवधारणाअन्तर्गत वडादेखि केन्द्रसम्मका सरकार र सबै राजनीतिक दलबीच सहकार्य गरिनेछ । प्रतिज्ञापत्रमा उल्लेखित प्रतिबद्धता सभापतिदेखि क्रियाशील सदस्यसम्मले पालना गर्ने उनले जिकिर गरे ।

थापाले प्रत्येक नेपाली सम्मानपूर्वक बाँच्न पाउने वातावरण सिर्जना गर्ने, किसानलाई आत्मनिर्भर बनाउने, शिक्षा र स्वास्थ्य सेवा सहज बनाउने तथा नेपाललाई मौलिकता र आधुनिकताको संगमका रूपमा उभ्याउने प्रतिबद्धता जनाए। “हामी यस्तो नेपाल बनाउनेछौँ, जहाँ छोराछोरी पढाउँदा ऋण लिनु नपरोस् र उपचार गराउँदा डर मान्नु नपरोस्,” उनले भने ।

नेपाली काँग्रेस मधेश प्रदेशका सभापति कृष्ण यादवको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति विश्व प्रकाश शर्माले विषम परिस्थितिमा देशलाई सम्भावनाको बाटोमा लैजान साझा संकल्प आवश्यक रहेको बताए । उनले निर्वाचनपछि संविधान संशोधन र सुशासनका पक्षमा पहल गर्ने दाबी गरे ।



### प्रतिज्ञापत्रमा १० भिजन

नेपाली कांग्रेसले मुलुकमा सुशासन र समुन्नति कायम गर्ने उद्देश्यसहित आफ्नो १० बुँदे विस्तृत भिजन सार्वजनिक गरेको छ। जनकपुरमा बुधबार आयोजित विशेष समारोहमार्फत सार्वजनिक गरिएको कांग्रेसको प्रतिज्ञापत्र मा ‘समुन्नत नेपाल, सम्मानित नेपाली’ भन्ने मूल नाराका साथ बुँदे भिजन समेत सार्वजनिक गरिएको हो ।

भिजनमा पार्टीले आगामी पाँच वर्षभित्र हासिल गर्ने लक्ष्यहरू र ‘बदलियो कांग्रेस, बदलिन्छ देश’ भन्ने उद्घोषका साथ नागरिकको जीवनस्तर उकास्ने प्रतिबद्धता व्यक्त गरेको छ।

कांग्रेसले परिकल्पना गरेको नेपालमा नागरिकको आत्मसम्मानलाई पहिलो प्राथमिकतामा राखिएको छ । जात, धर्म, लिङ्ग वा क्षेत्रका आधारमा हुने विभेद अन्त्य गर्दै हरेक नागरिकले शिर ठाडो पारेर बाँच्न पाउने ‘सम्मानित नेपाल’ निर्माण गर्ने पार्टीको योजना छ। यसका साथै, विधिको शासनलाई कडाइका साथ लागू गर्दै सत्ता

*बाँकी ३ पृष्ठमा*

## नेकपाका अध्यक्ष ऋषि कट्टेल पक्राउ



दैनिक समाचारदाता
काठमाडौं ६ फागुन । नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल पक्राउ परेका छन् । निर्वाचन बिथोल्ने गतिविधि गरेको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कट्टेललाई कीर्तिपुरबाट पक्राउ गरेको हो । अहिलेसम्म उक्त पार्टी ४ जना पक्राउ परिसकेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रामेश्वर कार्कीले जानकारी दिए ।
यसअघि मंगलबारमात्रै उक्त पार्टीका धर्मेन्द्र बास्तोला, विष्णुप्रसाद तिमल्सिना र एसपी साह पक्राउ परेका थिए ।


प्रजातन्त्रको सम्मान गरौं ।

- राज्यशक्तिको स्रोत जनता हुन्।
- निर्वाचित प्रतिनिधिद्वारा शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो ।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो ।
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं

प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# सीमामा कडाइ : सुरक्षा र लोकतन्त्रको सन्तुलन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा मधेश प्रदेशका आठवटै जिल्लामा नेपाल-भारत सीमाक्षेत्रमा सुरक्षा कडाइ गरिएको छ। खुला सीमाको ऐतिहासिक, सांस्कृतिक र आर्थिक विशेषताले परिचित यस प्रदेशमा चुनावी अवधिमा अवाञ्छित गतिविधि हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै निगरानी बढाइनु स्वाभाविक पनि हो। तर, यस्तो कडाइ केवल प्रशासनिक कदम मात्र होइन; यसले लोकतन्त्रको विश्वसनीयता, मतदाताको मनोविज्ञान र छिमेकीसँगको सम्बन्धसमेत स्पर्श गर्छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार सीमाक्षेत्रमा निगरानी थप सशक्त पारिएको छ। भारतीय भूमिबाट हातहतियार, गोलीबारुद, विस्फोटक पदार्थ, लागू पदार्थलगायत अवैध सामग्री नेपाल भित्रिन नदिन भारतीय समकक्षीसँग नियमित समन्वय भइरहेको जानकारी गोपी थपलियाले दिएका छन्। सुरक्षा संयन्त्र चलायमान बनाइएकाले तस्करीमा संलग्न गिरोहहरू निष्क्रिय बन्दै गएको दाबी पनि गरिएको छ।

सुरक्षा व्यवस्थामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेना सम्मिलित संयुक्त परिचालन, हजारौँ प्रहरी तथा म्यादी प्रहरीको तैनाथी र सयौँ प्रहरी कार्यालयको सक्रियता–यी सबै उपायले चुनावलाई भयमुक्त र निष्पक्ष बनाउने उद्देश्य राख्छन्। प्रशासनले मतदातालाई ढुक्क भएर मतदान गर्न आग्रह गर्नु सकारात्मक संकेत हो।

तर, यहाँ एउटा मूल प्रश्न उठ्छ–के सुरक्षा कडाइ मात्रले स्वच्छ निर्वाचन सुनिश्चित हुन्छ? मधेशजस्तो खुला सीमा र घनिष्ठ पारिवारिक-आर्थिक सम्बन्ध भएको क्षेत्रमा सुरक्षा र सहज आवागमनबीच सन्तुलन अत्यावश्यक हुन्छ। अत्यधिक कडाइले दैनिक जीवन, सानो व्यापार र सीमापार आवागमनमा अनावश्यक असहजता सिर्जना नगरोस् भन्नेमा सचेत रहनुपर्छ। सुरक्षा रणनीति लक्षित, सूचनामा आधारित र समयबद्ध हुनुपर्छ; सर्वसाधारणलाई सन्देहको दृष्टिले हेर्ने प्रवृत्ति लोकतान्त्रिक वातावरणका लागि घातक हुन सक्छ।

अर्कोतर्फ, निर्वाचनका बेला हातहतियार र अवैध सामग्रीको ओसारपसार रोक्नु अनिवार्य शर्त हो। विगतका अनुभवले देखाएको छ कि सीमाक्षेत्र अस्थिर हुँदा चुनावी प्रतिस्पर्धा पनि प्रभावित हुन सक्छ। त्यसैले छिमेकी देशसँगको समन्वयलाई संस्थागत बनाउँदै, पारदर्शी र विश्वसनीय संवाद कायम गर्नु दीर्घकालीन उपाय हो। सुरक्षाको प्रभावकारिता केवल संख्यामा होइन, व्यवहारमा देखिनुपर्छ। मतदाताले घरदेखि मतदान केन्द्रसम्म आफू सुरक्षित र सम्मानित महसुस गर्नुपर्छ। सुरक्षाकर्मीको आचरण, निष्पक्षता र संयमता नै चुनावी वातावरणको वास्तविक परीक्षा हो। यदि सुरक्षा संयन्त्र राजनीतिक प्रभावबाट मुक्त रह्यो भने मात्र "भयमुक्त, स्वच्छ र निष्पक्ष" निर्वाचनको लक्ष्य पूरा हुनेछ। अन्ततः, लोकतन्त्रको सौन्दर्य मतपत्रमा मात्र होइन, मतदाताको आत्मविश्वासमा निहित हुन्छ। सीमामा कडाइ आवश्यक छ; तर त्यो कडाइ नागरिकमैत्री, सन्तुलित र कानुनी दायराभित्र हुनुपर्छ। मधेश प्रदेशको सन्दर्भमा सुरक्षा र स्वतन्त्रताको यही सन्तुलन आगामी निर्वाचनको सफलता मापन गर्ने मुख्य सूचक बन्नेछ।

# प्रतिनिधिसभा उम्मेदवारलाई खुला पत्र



कृष्णप्रसाद पौडेल

प्रधानमन्त्रीका आकाङ्क्षीहरू,
मन्त्रीका दाबेदारहरू,
माननीय बन्न आतुर सबै उम्मेदवारहरू,
यहाँहरू सबैलाई विजयको अग्रिम शुभकामना!

यहाँहरू सबैलाई एकमुष्ट सम्बोधन गरेर यो खुला पत्र लेख्दैछु। आशा छ, फुर्सद मिलाएर पढ्नुहोला। ढुक्क हुनुहोस्, मैले तपाईंहरूको जवाफ मागेको छैन। विवेक र आँट भए यसको बारेमा मतदाताले सोधेका प्रश्नको जवाफ दिनुहोला। त्यो आँट पुगेन भने पनि चिन्ता नलिनुस्, आफ्नो कर्मबाट यसको सम्बोधन गर्ने पहल गरे पुग्छ।

यहाँहरूलाई बेमौसममै संसद् हुने चिट्ठा पर्ने छाँट देखिएको छ। यहाँहरू धेरैको अकर्मण्यताले यो चिट्ठा परेको हो। कुशासन, बेथिति, भ्रष्टाचार र ठगीले आत्तिएका आम मानिसको उकुसमुकुसलाई छेउमा बसेर मोबाइल खेलाउँदै नियालिरहेका नवयुवा यसको स्क्रिनमा कालो पर्दा देख्नेबित्तिकै, 'अब यस्तै हो भने हाम्रो भविष्य छैन, त्यसैले यो हेरेर बस्नुहुँदैन' भनेर जुरुक्क उठेका हुन्।

यो आँट गरेसँगै भएको भदौ २३ को विद्रोह, यसमा भएको हिंसा, यसले भड्किएको आक्रोश र यही मौका छोपेर धमिलो पानीमा माछा मार्ने बैरीको सपना साकार भएसँगै धेरै जुक्ति लगाएर बचाएको संविधानको फुर्को समाएर गरिएको निर्वाचनको घोषणा यहाँहरू सबैलाई विदितै छ। यो अहिले निर्वाचनमा हौसिएका नयाँ-पुराना सबैको सास फेर्ने आस बनेको छ। सार्वजनिक खपतका लागि तर्क-कुतर्क जे-जे गरे पनि, सबै कुरा यहाँहरूलाई छर्लङ्ग छ।

योभन्दा फरक केही भए समयले देखाउँदै जाला र हामीले पनि पत्याऔँला। यो अर्थमा, यो निर्वाचन कसैले नमागेको तर सबैले पाएको लोकतन्त्रको सुन्दर फूल भनेर हौसिएका सबैलाई साधुवाद छ। सदाझैँ निर्वाचन अपेक्षा र आश्वासनको खेती लगाउने बेला हो। मुखियाको यो खेती लगाउने रैतीको भाग्यमा ल्याएको कर्म हो। त्यसैले त खेती भित्र्याएपछि खलो पाए पनि नपाए पनि खेती लगाउन हामी सबै अभिशप्त छौँ।

यो सबै पढेर मन अलि खल्लो भयो होला। धैर्य गर्नुस्, तपाईंहरूलाई सुनाउनुपर्ने अरू धेरै कुरा छन्। तर म आज अरू कुरा गर्दिनँ किनकि यसले नवयुवालाई जस्तै तपाईंहरूलाई समेत उकुसमुकुस हुन्छ। तैपनि हामीजस्ता निरीह नागरिकले तपाईंहरूलाई प्रश्न गर्न पाउने अवसर यही मात्र हो। माफ गर्नुहोला, यो समेत गुमाएर आफैँप्रति कृतघ्न हुन सकिनँ।

*सम्भावित माननीयहरू,*

यहाँहरूलाई थाहै छ, नेपाली समाज अहिले एउटा गम्भीर ऐतिहासिक र वैचारिक अन्योलमा छ। हामी इतिहासमै पहिलो पटक सबै हिसाबले परनिर्भर छौँ भने अब के गर्ने भन्ने अलमलमा छौँ। अरू कुरा पछि गरौँला। हामीले हाम्रो जीवन अस्तित्वको आधार खानेकुरा के हो भन्नेमा समेत बुझ पचाएको अवस्था छ।

यस्तो किन भयो? धेरै भन्नै परेन, खानेकुराको त कुरै छोडौँ, यसको परिभाषा समेत बाह्य जगतबाट आयात गर्‍यौँ। हामीले अरूको आँखाले आफ्नो भूगोल हेर्न खोज्दा आफ्नै पैतालामुनिको माटो चिन्न सकेनौँ। नेपाली कृषिको ओरालो यात्रा केवल तथ्याङ्कको विषय मात्र होइन, यो हाम्रो सभ्यता, संस्कृति र सार्वभौमिकतामाथि उठेको चुनौतीको पहाड हो। आज गाउँहरू रित्ता छन्, खेतबारी बाँझा छन्, र युवा पुस्ता विदेशी भूमिमा आफ्नो पसिना बेचिरहेका छन्। सहरका भान्साहरू आयातित र विषाक्त खानाले भरिएका छन्। यो सङ्कट केवल बजेट वा प्रविधिको अभावले आएको होइन। यो त कृषिको सोचमा आएको विचलनको परिणाम हो। नेपाली कृषिको मौलिक विशेषतालाई बिर्सेर हामीले 'औद्योगिक कृषि' को आँखा बन्द गरेर सिको गरेको परिणाम हो। अब खेतीपातीमा फर्कन कसैले आँट गर्ने छाँट देखिँदैन, यस्तो अवस्थामा पाखुरा कस्ले सम्हाल्छ? कसैलाई थाहा छैन। यसको जवाफ दिनुपर्ने, समाजको अगुवाइ गर्ने तपाईंहरूबाट यसको जवाफ पाउने आस छ।

अहिलेको व्यवस्थामा, यो लगायत आम मानिसले भोगेका समस्या समाधान गर्न नीति र समाजको व्यवहार सच्याउन दलहरू र तिनका प्रतिनिधिले पहल गर्छन् भन्ने सधैँ अपेक्षा रहन्छ किनकि नागरिकले कर तिर्ने सर्तमा राज्यले दिने सेवा र सुरक्षाको बन्दोबस्त मिलाउने संवैधानिक करार गरेका छन्। आवधिक निर्वाचनमा गर्ने वाचा तिनका घोषणापत्रमार्फत गर्छन्। यसैलाई पत्याएर नागरिकले आफ्नो मत दिने हो। विडम्बना, पद समेत बाँडिसकेका दलहरूले अझैसम्म यो घोषणा गर्ने आँट गरेका छैनन्। घोषणापत्र वाचन गरेकाहरूको समेत खेतीपाती र यो गर्ने किसानी हाम्रो जीवन आधार हो भन्ने औकात देखिएन।

आफ्नो बालापन वा बा-आमाका अनुभव सुनेका सबैले यो सबै बिर्सेको ढोँग नगर्ने हो भने नेपाली कृषिको जग के हो भनेर यहाँ गन्थन गर्नै पर्दैन। तैपनि यहाँहरूलाई केही सम्झाउन सुझाव दिने दुस्साहस गरेँ। नेपालको कृषि प्रणाली कुनै अर्को ग्रहबाट आएको वा प्रयोगशालामा जन्मिएको होइन। यो हजारौँ वर्षको अभ्यास, अवलोकन र प्रकृतिसँगको सामीप्यबाट हाम्रा पुर्खाले परिष्कृत गरेको मौलिक प्रणाली हो। यो कृषिका तीनवटा मुख्य खम्बाहरू छन्।

पहिलो, भौगोलिक र जैविक विशिष्टता: नेपालको भूगोल र वातावरण अन्य देशको भन्दा बिलकुलै भिन्न छ। हिमाल, पहाड र तराईको यो सानो दूरीमा पाइने जैविक विविधता संसारका ठूला महादेशमा समेत पाइँदैन। यहाँको सूक्ष्म जलवायु अनुसार फरक-फरक बालीनाली, वस्तुभाउ र यसैमा आश्रित जीवनपद्धति छन्। पहाडको पातलो माटोलाई जोगाउन हाम्रा पुर्खाहरूले बनाएका 'गरा'हरू इन्जिनियरिङका उत्कृष्ट नमुना हुन्।

दोस्रो, एकीकृत कृषि प्रणाली: नेपाली कृषिको मूल विशेषता हो। नेपाली कृषि कहिल्यै एकल खेतीमा आधारित थिएन। यो त खेतीपाती, पशुपालन, वन र मानव समुदायको एउटा अविभाज्य चक्र थियो। गोठको मल खेतमा जाने, खेतको पराल गोठमा आउने र वनको घाँसपातले दुवैलाई जोड्ने यो चक्र आफैँमा पूर्ण र दिगो थियो।

तेस्रो, हाम्रो खेतीपातीको मौसमी पात्रो: हाम्रो प्रकृतिको उत्पादन चक्रमा लयबद्ध छ। ६ ऋतु र यसैका आधारमा परिष्कृत गरिएको खेतीपाती र खाद्य संस्कृतिको अर्को विशेषता हो। नेपाली कृषि ऋतुहरूको लयसँग बाँधिएको छ। ऋतु अनुसारको खानपान र चाडपर्वले गर्दा मानिसको स्वास्थ्य र प्रकृतिबीच सन्तुलन कायम थियो। कोदो, फापर, जौ, उवा जस्ता रैथाने बालीहरू केवल पेट भर्ने खाना मात्र थिएनन्, ती त औषधीय गुण भएका सन्तुलित विविध खानाका स्रोत हुन्।

आज यी सबै कुरा दन्त्यकथा जस्तै भएका छन्। सन् १९६० को दशकपछि नेपालमा 'हरित क्रान्ति' को नाममा औद्योगिक कृषि ढाँचा प्रवेश गर्‍यो। यो कृषि विकासका नाममा भित्रिएको औपनिवेशिक सत्ता थियो। यो बाह्य हस्तक्षेपले कसरी हाम्रो खेतीपातीको जग भत्कायो? यसको केही चर्चा गरौँ।

यसले सबैभन्दा पहिले रैथाने ज्ञानको अपहरण गर्‍यो। बाहिरबाट र बाहिर गएर आएका 'विज्ञ'हरूले नेपाली किसानको हजारौँ वर्षको रैथाने ज्ञानलाई 'पिछडिएको' र 'अवैज्ञानिक' घोषित गरिदिए। किनकि उनीहरूलाई त्यसै गर्न सिकाइएको थियो। किसानलाई आफ्नो बीउ आफैँ राख्ने, बिरुवालाई चाहिने पोषणको बन्दोबस्त गर्ने 'विवेकशील विज्ञ' बाट बाह्य यन्त्र, बीउ र मल किन्ने 'ग्राहक' मा परिणत गरियो। ठूला मैदानका लागि बनाइएका मेसिन र प्रविधि नेपालका साना र भिरालो जमिनमा न सान्दर्भिक थिए, न त दिगो नै। तर, विकासको नाममा ती प्रविधिहरू जबर्जस्ती लादिए।

'खानाका लागि खेती' गर्ने किसानको विवेकलाई विस्थापित गरेर 'पैसाका लागि खेती' गर्ने दलाल खेती ल्याइयो। यसले किसानलाई प्रकृतिसँग होइन, बजारसँग जोड्यो। बजारको माग पूरा गर्न प्रयोग गरिएका रासायनिक मल र विषादीले बिस्तारै माटोको प्राण नै निकालिदियो। विषाक्त खेतीले मानिसको प्राण निकाल्ने काम समेत भइरहेको छ।

यसैमाथि थपिएको अस्वाभाविक तापक्रम वृद्धि र वर्षाको अनिश्चितताले नेपाली कृषिलाई थप जोखिममा पारेको छ। हाम्रा रैथाने र जलवायु-उत्थानशील बालीहरू हराउँदै जाँदा भविष्यमा खाद्य सङ्कटको जोखिम अझ बढेको छ।

यो क्रम अहिलेसम्म चलिरहेको छ। अहिले त यो नै सार्वभौम ज्ञान बनेको छ। सायद यहाँहरूलाई समेत यस्तै लाग्छ। यो सबै तपाईंहरूजत्तिको देश-दुनियाँ देखेका सुकिला-मुकिलालाई थाहा नहुने कुरै छैन। नेपाली कृषिको भविष्य तपाईंहरूको हातमा छ। कृषि केवल पेट पाल्ने माध्यम मात्र होइन, यो त हाम्रो स्वतन्त्रता, हाम्रो स्वास्थ्य र हाम्रो पहिचान हो भन्ने कुरा त कति दोहोर्‍याउने हो र?

*सम्भावित माननीयहरू,*

विगतमा तपाईंहरूले गरेका र अहिले नवयुवाले गरेको विद्रोहमा कुनै भिन्नता छैन। यी सबैमा आम अपेक्षा सुरक्षित भविष्यको हो। हैन भने के हो आफैँ मनन गर्नुहोला। जब कुनै देशले आफ्ना जनतालाई खुवाउने क्षमता गुमाउँछ, ऊ विश्वव्यापी बजार र अन्य सरकारहरूको दयामा निर्भर हुन बाध्य हुन्छ। त्यसैले सबै देशका नेताले "खाद्य सम्प्रभुता" र "खाद्य सुरक्षा" को राष्ट्रिय नारा बनाएका छन्। याद गर्नुहोस्, यो केवल खानाको उपलब्धताको कुरा मात्र होइन, यो राष्ट्रिय सुरक्षा र आत्मनिर्भरताको विषय पनि हो।

अन्त्यमा यत्ति भनौँ। चुच्चे नक्सा देखाएर वा राष्ट्रिय झन्डा ओढेर मागेको भोटले तपाईंहरू कसैलाई नगिज्याओस्।

*तपाईंहरूकै- कृष्णप्रसाद पौडेल ।*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# भारतको बदलिएको रणनीति र रहमानको चुनौती

केही वर्ष अघिसम्म, भारतको विदेश नीतिमा अवामी लिग बिनाको चुनाव र बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) को सत्ता आगमनलाई ठुलो झट्काको रूपमा हेरिन्थ्यो।

तर अहिले, तारिक रहमान र उनको पार्टी बीएनपी सत्तामा आउँदा भारतले स्वागत गर्न कुनै कसर बाँकी राखेको देखिँदैन। अवामी लिग विनाको चुनावमा पनि भारतले कुनै 'आपत्ति' जनाएन। साथै, भारतले अहिले अवामी लिगको खुलेर समर्थन पनि गरिरहेको छैन।



के यसले सन् २०२४ को जुलाईमा बंगलादेशमा भएको राजनीतिक विद्रोहका बेला भारतले अपनाएको दृष्टिकोण बारे भारतले पुनर्विचार गरेको भन्ने सन्देश दिन्छ ?

कुरा केवल बीएनपीको मात्र होइन। भारतीय विदेश सचिव विक्रम मिसरीले बंगलादेश जमात-ए-इस्लामीका अमीर शफिकुर रहमानसँग पनि भेटवार्ता गरिरहेका छन् र यसका तस्बिरहरू सामाजिक सञ्जालमा पोस्ट भइरहेका छन्। जमातसँगको भेटको सार्वजनिक जानकारी दिनु आफैँमा एक महत्त्वपूर्ण मोड हो।

बंगलादेशमा १२ फेब्रुअरीमा भएको आम निर्वाचनमा तारिक रहमानको नेतृत्वमा रहेको बीएनपीले जित हासिल गरेपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १३ फेब्रुअरीमा बधाई दिन अलिकति पनि ढिलाइ गरेनन्।

प्रधानमन्त्री मोदीले एक्समा बधाई सन्देश पोस्ट गरेपछि तारिक रहमानलाई फोन गरेर कुराकानी पनि गरे। तारिक रहमानको शपथ ग्रहण समारोहमा लोकसभा अध्यक्ष ओम बिर्ला सहभागी भए भने प्रधानमन्त्री मोदीले पत्र लेखेर बंगलादेशका नयाँ प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तोसमेत दिए।

*तारिक रहमानको दुविधा*

प्रधानमन्त्री मोदीको यो व्यवहारबाट स्पष्ट हुन्छ, भारत तारिक रहमानप्रति न्यानोपन देखाइरहेको छ र अन्तरिम सरकारको समयमा देखिएको तिक्ततापूर्ण सम्बन्धबाट बाहिर निस्कन चाहन्छ।

तर, तारिक रहमानको तर्फबाट अहिलेसम्म सार्वजनिक रूपमा त्यस्तो कुनै न्यानोपन देखिएको छैन। एक दिनपछि बीएनपीको आधिकारिक एक्स ह्यान्डलबाट प्रधानमन्त्री मोदीको पोस्टलाई रिपोस्ट गर्दै धन्यवाद त भनियो, तर तारिक रहमानको व्यक्तिगत सामाजिक सञ्जालबाट केही पनि भनिएन।

जितपछि तारिक रहमान निष्क्रिय थिए भन्ने होइन। जितपछि पनि उनी ढाकामा धेरै राजनीतिक गतिविधिहरूमा सहभागी भइरहेका थिए।

१५ फेब्रुअरीमा बंगलादेश जमात-ए-इस्लामीका अमीर शफिकुर रहमानको आधिकारिक एक्स अकाउन्टबाट एक पोस्ट गरियो। उक्त पोस्टमा बीएनपी प्रमुख तारिक रहमान उनीसँग भेट्न उनको आवासीय कार्यालयमा आएको जानकारी दिइएको थियो।

बंगलादेश जमात-ए-इस्लामी बीएनपीको सहयोगी रहँदै आएको छ, तर यस चुनावमा ऊ प्रतिस्पर्धी थियो। जमात-ए-इस्लामीलाई धेरै मामिलामा भारत विरोधी मानिन्छ किनभने यसले बंगलादेशको स्वतन्त्रता संग्रामको समर्थन गरेको थिएन।

बंगलादेश मामिलाका जानकारहरूका अनुसार, जमातको विपक्षमा रहँदा भारतसँगको सम्बन्धमा बीएनपी सरकारले भारतको हितका लागि काम गरिरहेको छ भन्ने सन्देश दिनु तारिक रहमानका लागि सजिलो छैन।

दक्षिण एसियाको भू-राजनीतिमा गहिरो नजर राख्ने निरुपुमा सुब्रमण्यम भन्छिन्, 'तारिक रहमान र भारतबिचको विगत धेरै राम्रो छैन। सन् २००१ देखि २००६ सम्म जब खालिदा जिया बंगलादेशकी प्रधानमन्त्री थिइन्, तब बंगलादेशका लागि तत्कालीन भारतीय उच्चायुक्तले मलाई भनेका थिए कि तारिक रहमान त्यहाँका 'सञ्जय गान्धी' थिए। तर अब भारतसँग तारिकभन्दा राम्रो विकल्प छैन। भारतले पहिले नै चुनिएको सरकारसँग कुरा गर्ने बताएको थियो र अब त्यहाँका जनताले जनादेश दिएका छन्। यस्तो अवस्थामा भारतले स्वागत गर्नुको विकल्प थिएन।'

*जमातको चुनौती*

वास्तवमा, बंगलादेशको राजनीतिबाट शेख हसिनाको अवामी लिग बाहिरिएपछि बीएनपीलाई एक मध्यमार्गी पार्टीको रूपमा हेरिँदैछ। बीएनपी जमात जस्तो हुन सक्दैन किनकि बंगलादेशको स्वतन्त्रता संग्राममा तारिक रहमानका पिता जिया-उर रहमान पनि सामेल थिए। बीएनपीले जमातले जस्तो स्वतन्त्रता संग्रामलाई खारेज गर्दैन।

शेख हसिनाको ठीक उल्टो, बीएनपी स्वतन्त्रता संग्राम र इस्लाम दुवैका बिच सन्तुलन बनाएर अघि बढ्ने प्रयास गर्छ। तर जमातको विपक्षमा रहँदा यो सन्तुलन कायम राख्न त्यति सजिलो हुनेछैन। यदि जमात इस्लामको अतिवादी धारतर्फ बढ्यो भने बीएनपीलाई सन्तुलन मिलाउन गाह्रो हुनेछ।

निरुपुमा सुब्रमण्यम भन्छिन्, 'जिया-उर रहमान पनि आफूलाई स्वतन्त्रता सेनानी नै मान्थे। शेख मुजिब-उर रहमान र जिया-उर रहमानबिचको एउटा मुख्य द्वन्द्व कसले सबैभन्दा पहिले बंगलादेशको स्वतन्त्रताको घोषणा गर्‍यो भन्ने पनि थियो।

बीएनपी र उनका समर्थकहरू मान्छन्, यसको घोषणा सबैभन्दा पहिले जिया-उर रहमानले गरेका थिए। यसलाई लिएर पाठ्यक्रमहरू पनि परिवर्तन भइरहेका छन्। बंगलादेशको संस्थापक को हुन् भन्ने विषयमा पनि लडाइँ हुँदै आएको छ। तर अर्कोतर्फ जमात-ए-इस्लामीले पाकिस्तानी सेनालाई साथ दिइरहेको थियो।'

शेख हसिनाले जसरी जमातसँग व्यवहार गर्थिन्, सायद तारिक रहमानले त्यसरी गर्न सक्ने छैनन्। जमात-ए-इस्लामी चुनावी राजनीतिमा यसपटक निकै बलियो भएर उभिएको छ।

जमातको नेतृत्वमा रहेको गठबन्धनले ७७ सिट जितेको छ। बंगलादेशको चुनावमा भारत एक प्रमुख मुद्दा थियो। जसले शेख हसिनालाई सत्ता छोडेर भाग्न बाध्य पारे, ती विद्यार्थीहरूको नेशनल सिटिजन पार्टी भारतको विरुद्ध खुलेर बोलिरहेको थियो र जमातसँग उनीहरूको गठबन्धन थियो। अर्कोतर्फ, तारिक रहमान पूरै चुनावमा कुनै पनि स्तरमा भारत विरोधी देखिएनन्।

दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) मा दक्षिण एसिया अध्ययन केन्द्रका प्रोफेसर महेन्द्र पी लामा भन्छन्, 'यदि जमात भारतका लागि समस्या बन्छ भने त्यो बीएनपीका लागि पनि समस्या बन्नेछ।'

*तारिक रहमानको विदेश नीति*

प्रोफेसर लामा भन्छन्, 'जमात जुन हदसम्म भारतका लागि खतरा बन्नेछ, त्यति नै बीएनपीका लागि पनि बन्नेछ। म यस्तो यसकारण भनिरहेको छु भने बंगलादेशमा अब कुनै तेस्रो पार्टी छैन। बीएनपी र जमात दुवै एकैपटक एकअर्काको विरुद्धमा जान सक्दैनन्। जमात र बीएनपी दुवैले मिलेर शेख हसिनालाई हटाएका हुन्। जमात र बीएनपी दुवै आमने-सामने हुनेछन् तर यसमा अझै समय लाग्नेछ।'

प्रोफेसर लामा भन्छन्, 'केही समय पर्खनुहोस्, अवामी लिगले पनि बीएनपीलाई समर्थन गर्नेछ।'

आफ्नो जितपछि १५ फेब्रुअरीमा तारिक रहमानले पहिलो पत्रकार सम्मेलन गरेका थिए। उक्त पत्रकार सम्मेलनमा रहमानलाई भारतसँगको सम्बन्धबारे सोध्दा उनले भने, 'हामीले विदेश नीतिको सम्बन्धमा आफ्नो स्थिति स्पष्ट गरिसकेका छौँ, जो बंगलादेशको हितमा छ र बंगलादेशी जनताको हित सबैभन्दा पहिला आउँछ। बंगलादेश र बंगलादेशी जनताको हितको रक्षा गर्दै हामी आफ्नो विदेश नीति तय गर्नेछौँ।'

चीन र पाकिस्तानलगायत अन्य क्षेत्रीय देशहरूसँगको सम्बन्धमा सोधिएको प्रश्नको जवाफ दिँदै उनले आफ्नो प्राथमिकता बंगलादेशको हितको रक्षा गर्नु हुने बताए।

तारिक रहमानले भनेका थिए, 'यदि कुनै कुरा बंगलादेशको हितमा छैन भने स्वाभाविक रूपमा हामी त्यसमा अघि बढ्न सक्दैनौँ। मलाई पूर्ण विश्वास छ कि पारस्परिक हित नै हाम्रो पहिलो प्राथमिकता हुनेछ।'

अर्थात्, तारिक रहमान भारतलाई लिएर खुलेर केही पनि बोल्नबाट बचिरहेका छन्। गंगा जल सम्झौताको ३० वर्ष यसै वर्ष पूरा हुँदैछ र यसलाई अगाडि बढाउन नयाँ सन्धि गर्नुपर्नेछ।

बीएनपीले यो सन्धिलाई भारततर्फ ढल्किएको बताउँदै आएको थियो र विरोध पनि गरेको थियो। तर सरकारमा रहँदा बीएनपीले यसलाई कहिल्यै रद्द गरेन। अब बीएनपीले नै यसलाई नयाँ सिराबाट गर्नुपर्नेछ। बीएनपी मान्छ कि शेख हसिनाको सरकारमा भारतसँग भएका धेरै सन्धिहरू एकतर्फी थिए र तिनको समीक्षा हुनुपर्छ।

*भारतको ढिलाइ*

प्रोफेसर लामा भन्छन्, 'यदि बंगलादेशलाई अहिलेसम्म भारतसँगको सम्बन्ध 'आश्रित' थियो भन्ने लाग्छ भने भारतले स्पष्ट भन्नुपर्छ कि हामी अब 'अन्तर-निर्भर' सम्बन्धका लागि तयार छौँ।

निरुपुमा सुब्रमण्यम भन्छिन्, 'मेरो विचारमा तारिक रहमान सार्वजनिक रूपमा यस्तो केही पनि गर्ने छैनन्, जसबाट यो सन्देश जाओस् कि उनी भारतलाई केही दिइरहेका छन् वा कुनै मामिलामा छुट दिइरहेका छन्। कुनै सम्झौता भएमा, तारिक रहमान आफूलाई यस्तो देखाउन सक्दैनन् जसबाट भारतलाई उनले धेरै दिएको सन्देश जाओस्। यदि त्यसो गरे भने उनलाई बंगलादेशमा समस्या हुनेछ। बंगलादेशको जनादेश भारतको पक्षपोषण गर्नका लागि भएको जस्तो लाग्दैन। मलाई लाग्छ कि 'ब्याकरूम डिलिङ' (पर्दा पछाडिको कूटनीति) बढी हुनेछ।'

प्रोफेसर महेन्द्र पी लामाका अनुसार भारतले जुन काम अहिले गरिरहेको छ, त्यो शेख हसिना हटे लगत्तै सुरु गर्नुपर्थ्यो। प्रोफेसर लामा भन्छन्, 'तारिक रहमान र बीएनपीसँग सहयोगका लागि हात तब बढाइँदै छ, जब बंगलादेशका जनतामाझ भारतको छवि नकारात्मक बनेको छ। कुनै पनि देशको लोकप्रिय सरकार आफ्नो देशको लोकप्रिय जनादेशको विरुद्ध गएर सम्बन्ध बनाउन चाहँदैन। भारतले अहिले बिल्कुल सही गरिरहेको छ, तर तारिक रहमान पनि उस्तै न्यानोपनका साथ प्रस्तुत होऊन्, अहिले यो मुस्किल छ।'

भनिँदै छ, बीएनपीको जित भारत-बंगलादेशबिच बढी जटिल द्विपक्षीय राजनीतिक सम्बन्धको एक नयाँ युगको सुरुवात हुन सक्छ।

अमेरिकी मिडिया आउटलेट ब्लूमबर्गका एसिया-प्यासिफिक इकोनोमिक्सका सीईओ राजीव विश्वास भन्छन्, 'बीएनपीको नेतृत्वमा बंगलादेशले चीन र पाकिस्तानसँग सम्बन्ध गहिरो बनाउनेछ। यस्तो अवस्थामा भारतले यस क्षेत्रमा बढ्दो भू-राजनीतिक प्रतिस्पर्धालाई व्यवस्थापन गर्नुपर्नेछ।'

*(बीबीसीका लागि कलेक्टिभ न्यजरुमद्वारा प्रकाशित रिपोर्टको भावानुवाद)*

# फागुन २१ मा पुराना दलका सटर बन्द गर्छौं : रवि लामिछाने

दैनिक समाचारदाता




काठमाडौँ ६ फागुन । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले फागुन २१ गते पुराना दलहरूको सटर बन्द गर्ने बताएका छन् ।

बुधबार धनगढीमा आयोजित 'परिवर्तन उद्घोष' सभालाई सम्बोधन गर्दै उनले योपल्ट परिवर्तनको पक्षमा मत हाल्न आग्रह गरेका हुन् ।

'फागुन २१ गते पुराना दलहरूको सटर पूर्ण रूपमा बन्द गर्ने हो । बाचा गर्ने पूरा नगर्ने नेताहरू तर वर्षौंसम्म सजाय पाउने जनता ? यस्तो हुन्छ ! अब जसले बाचा पूरा गर्दैन, त्यसले सजाय पाउनुपर्छ,' रविले भने, 'योपटक परिवर्तनको पक्षमा भोट हाल्नोस् । आज धेरै बोल्दैनौँ । योपटक मत नबाँड्नुहोला । तपाईंको निष्ठाको सम्मान गर्छौं । राष्ट्रिय अवसर पूरा गर्न भोट हाल्नोस् ।'

कार्यक्रममा रविले सिंहदरबार जलेको मात्र कुरा गरेकोमा पनि असन्तुष्टि जनाए ।

जलेको बनाउने मात्र होइन, यसपालि बदलेर नै छाड्ने उनले प्रतिबद्धता जनाए ।

पुराना राजनीतिक दलहरूले ३५ वर्षसम्म काम नगरेको आरोप लगाउँदै रविले सुदूर पश्चिमको समस्या अब रास्वपाले पूरा गर्ने जिकिर गरे । उनले भने, 'यहाँ मेडिकल, शिक्षा, स्वास्थ्यको समस्या छन्, त्यसलाई पूरा गर्ने हो । यो पटक भोट नबाँड्नुहोला । फेरि पनि भोट चोर्न आउनेछन् । दबाब दिन सक्छन्, कसैको डर नमानी परिवर्तनको पक्षमा भोट हाल्नोस् ।'

## प्रतिज्ञापत्रमा....

र शक्तिको पहुँचका भरमा पाइने विशेषाधिकार अन्त्य गर्ने र बेथिति तथा हैरानीमुक्त प्रशासनिक सेवा प्रवाह गर्ने संकल्प प्रस्तावमा गरिएको छ।

भ्रष्टाचार नियन्त्रण र सरकारी सेवामा ढिलासुस्ती अन्त्य गरी नागरिकले घरमै बसेर सेवा पाउने प्रबन्ध मिलाउने सभापति गगन थापाले दाबी गरे । आर्थिक समृद्धिका सन्दर्भमा कांग्रेसले निजी क्षेत्रको प्रवर्द्धन र सम्पत्ति सिर्जनालाई प्रोत्साहन गर्ने नीति अघि सारेको छ।

स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी युवाहरूले नेपालमै भविष्य देख्न सक्ने वातावरण बनाउने र विदेश पलायन रोक्ने रणनीति दस्तावेजमा समेटिएको छ।

कृषिलाई मर्यादित पेसाको रूपमा विकास गर्दै 'पेटभरी खुवाउने र देशलाई चिनाउने' किसानको नेपाल बनाउन प्रविधि र बजारको उचित व्यवस्थापन गरिने उल्लेख छ। साथै, पर्यटन, ऊर्जा र पूर्वाधारको विकासमार्फत समुन्नतिको बाटोमा लम्कने नेपालको चित्र प्रस्तुत गरिएको छ।

आधारभूत सेवा सुविधातर्फ शिक्षा र स्वास्थ्यमा राज्यको दायित्व बढाउने प्रतिबद्धता जनाइएको छ। 'ओखती र ओत दिने नेपाल' को परिकल्पना गर्दै उपचारकै कारण कोही पनि गरिब हुनु नपर्ने र गुणस्तरीय स्वास्थ्य बीमा प्रणाली लागू गर्ने जनाइएको छ।

त्यस्तै, छोराछोरी पढाउन अभिभावकमाथि आर्थिक भार नपर्ने गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ।

नेपालको मौलिक विविधता, भाषा, संस्कृति र सम्पदामा गर्व गर्दै आधुनिकतालाई समेत आत्मसाथ गर्ने र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको स्वाभिमान उच्च राख्ने विदेश नीति अवलम्बन गरिने कुरालाई भिजनमा समेटिएको छ।

## १३ हजार.....

समन्वय र सहयोग नहुँदा सुशासन र सार्वजनिक विश्वासमा समेत असर पर्न सक्ने कार्यालयको ठहर छ।

सहकारी संस्थाहरूको कारोबार तथा अभिलेख जाँच गर्दा ऋणीको पूर्ण विवरण नपाइने, कागजात लुकाइएको, हिसाब मिलान नभएको तथा ऋण तिरेको दाबी प्रणालीमा अद्यावधिक नभएको जस्ता समस्या देखिएका छन्। कतिपय संस्थामा रकम हिनामिना र गलत कर्जा प्रवाह भएको पाइएको भन्दै कानुनी तथा प्रक्रियागत जटिलताका कारण बचत फिर्ता प्रक्रियामा ढिलाइ भइरहेको कार्यालयले जनाएको छ।

यस्तै, सहकारीहरूले आफ्नै सूचना प्रणाली प्रयोग गरी कारोबार गरेको र त्यसमा विवरण हेरफेर वा लुकाउन सकिने अवस्था देखिएकाले वास्तविक कारोबार यकिन गर्न कठिन भएको उल्लेख गरिएको छ। यसले पनि बचतकर्तालाई समयमै रकम फिर्ता गर्न थप अड्चन सिर्जना गरेको समितिको भनाइ छ।

# सुदूरपश्चिमका जनतालाई बालेनको आग्रह- कामको सूची दिनुहोस्

दैनिक समाचारदाता
धनगढी, ६ फागुन । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले कामको सूची दिन सुदूरपश्चिम प्रदेशका जनतालाई आग्रह गर्नुभएको छ । सो पार्टीले बुधबार धनगढीमा आयोजना गरेको 'परिवर्तन उद्घोष सभा'लाई सम्बोधन गर्दै उहाँले आफ्नो पार्टी भोटभन्दा पनि काम माग्न आएको बताउनुभएको हो ।

"तपाईंहरूले भोट दिनुभएन भने पनि राष्ट्रिय स्वतन्त्र पार्टीले सुदूरपश्चिम बनाउँछ," शाहले भन्नुभयो, "त्यसैले आज भोट



होइन, राष्ट्रिय स्वतन्त्र पार्टी यहाँ काम माग्न आएको हो । बरु भोट नदिए हुन्छ तर कामको सूची दिनुहोस् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले काम गरेर देखाउँछ ।"

उहाँले आफ्ना पार्टीका उम्मेदवारहरूलाई कामको सूची दिन मतदातालाई आग्रह गर्नुभयो । आफ्नो पार्टीको एजेन्डा सुदूरपश्चिमलाई 'सुनजस्तै पश्चिम' बनाउने रहेको शाहको भनाइ थियो । उहाँले देश बनेको सपना आफूले देखेको उल्लेख गर्दै रास्वपाले त्यो सपना पूरा गर्ने जिकिर गर्नुभयो ।

खल्तीमा पैसा नभएका विपन्न र गरिबले शिक्षा तथा स्वास्थ्य उपचार पाउनुपर्ने र २० वर्षसम्म नबन्ने योजना डेढ वर्षमा बन्नुपर्ने लगायतका एजेन्डा आफ्नो पार्टीको रहेको उहाँले उल्लेख गर्नुभयो । रास्वपा सरकारमा गएमा कांग्रेस, एमाले, माओवादी र आम जनता सबै हिँड्ने साझा बाटो बनाउने नेता शाहको दाबी थियो ।

# जसपा नेपालका अध्यक्ष यादव घरदैलो अभियानमा व्यस्त



दैनिक समाचारदाता
सप्तरी, ६ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरी क्षेत्र नम्बर ३ का उम्मेदवार एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मङ्गलबार घरदैलो अभियानलाई निरन्तरता दिनुभएको छ। शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा टोलमा मतदाताको घरदैलोमा पुगेर मत माग्ने कार्यलाई निरन्तरता दिनुभएको हो। पार्टीका केन्द्रीय सचिव एवं क्षेत्र निर्वाचन परिचालन समितिका संयोजक शैलेन्द्र प्रसाद साहका अनुसार शम्भुनाथ नगरपालिकाअन्तर्गत नरहैया, सखुवा, नरही, सिरकजरी, खोक्सर, कनकपट्टी र कठौना बजारका मतदातासँग भेटेर मत मागिएको छ। घरदैलोका क्रममा बाटोघाटो नबनेको, विद्यालय तथा अस्पतालमा गुणस्तरीय सेवा नभएको, बिटौरी जग्गाको समस्या, क्षेत्रको प्रमुख सडक कठौना-पातो सडक निर्माण नहुँदा सास्ती झेल्नुपरेको, बेरोजगारी, सिँचाइ तथा मलखाद अभाव लगायतका समस्याहरू अधिकांश मतदाताले अध्यक्ष यादवसमक्ष राखेका छन्। यसअघिका जनप्रतिनिधिहरूले विकास तथा जनताको हकहितका सवालमा ध्यान नदिएको भन्दै सर्वसाधारणले गुनासो गरेका छन्।

संविधान संशोधन गरी बाँकी अधिकार प्राप्तिका साथै विकास र समृद्धिका लागि आफू प्रयासरत रहने अध्यक्ष यादवले विश्वास व्यक्त गर्नुभयो। जिल्लाकै पछाडि परेका क्षेत्रका रूपमा रहेको सप्तरी-३ मा धेरै काम गर्नुपर्ने अवस्था रहेको बताउँदै उहाँले भन्नुभयो, "एक सरकारकै नीति विभेदकारी छ। मधेशबाट ७० प्रतिशत राजस्व असुल्ने तर मधेशलाई ११ प्रतिशत मात्र बजेट विनियोजन गरिन्छ। मधेशका जिल्लाहरू अझै पछाडि छन्, माथि उठाउन पर्याप्त बजेट आवश्यक छ।"

घरदैलोका क्रममा उम्मेदवार समेत रहेका अध्यक्ष यादवले पूर्व सांसदद्वय दानालाल चौधरी र जगदीश साहसँग भेटघाट गर्नुभएको छ। भेटघाटमा समसामयिक राजनीतिक अवस्था, जनताको हक-अधिकार तथा क्षेत्रको विकास निर्माण लगायतका विषयमा छलफल भएको थियो।

घरदैलो कार्यक्रममा केन्द्रीय नेता एवं पूर्वमन्त्री रेणु कुमारी यादव, केन्द्रीय सदस्य एवं मधेश प्रदेशसभाका पूर्व सदस्य बिदेश्वर प्रसाद यादव ९बिक्की०, केन्द्रीय सदस्यद्वय शैलेन्द्रमोहन झा र रमिला साह, समानुपातिक उम्मेदवार चुल्हाइ मण्डल, पार्टीका जिल्ला उपाध्यक्ष हरेराम यादव, निर्मला मण्डल, धनेश्वर यादव, बेचनी सरदार लगायतका नेताहरू सहभागी हुनुभएको थियो।

सप्तरी क्षेत्र नम्बर ३ मा विष्णुपुर गाउँपालिका, रुपनी गाउँपालिका, राजगढ गाउँपालिका तथा डाक्नेश्वरी नगरपालिका गरी कुल १ लाख ११ हजार ८७१ मतदाता रहेका छन्।

## उम्मेदवारलाई कुटपिट गर्ने पक्राउ

पश्चिम नवलपरासी,६ फागुन । पश्चिम नवलपरासीको बर्दघाटमा चुनाव प्रचारका क्रममा उम्मेदवारमाथि कुटपिट गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।मंगलबार नवलपरासी निर्वाचन क्षेत्र-१ अन्तर्गत बर्दघाट नगरपालिका-१२, जमुनिया चोकमा प्रचार-प्रसारका क्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का उम्मेदवार राजु हरिजन तथा कार्यकर्तामाथि आक्रमण भएको थियो। आफूहरू राष्ट्रिय स्वतन्त्र पार्टी का कार्यकर्ता भएको बताउने समूहले कुटपिट र दुर्व्यवहार गरेको आरोप छ।घटनामा संलग्न तीन जनामध्ये बर्दघाट-१३ धनेवाका ३१ वर्षीय अजय गौतमलाई आज बिहान पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अनुपम श्रेष्ठले जानकारी दिए। अन्य दुई जनाको खोजी भइरहेको छ।उम्मेदवार हरिजनका अनुसार १०-१२ जनाको समूहले मादक पदार्थ सेवन गरेर आक्रमण गरेको थियो। उनले आफूहरू असुरक्षित भएको बताउँदै संलग्न सबैलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरेका छन्। प्रहरीले उम्मेदवारको सुरक्षाका लागि आवश्यक जनशक्ति परिचालन गरिएको जनाएको छ। चुनावी कार्यक्रमअघि प्रशासनलाई पूर्वसूचना दिन राजनीतिक दलहरूलाई आग्रह गरिएको छ।

# कर्मचारीलाई निर्वाचन अवधिभर बिदा नदिइने

दैनिक समाचारदाता
सर्लाही, ६ फागुन । सर्लाहीमा कार्यालय प्रमुखहरुको बैठकले अत्यावश्यक कामबाहेक निर्वाचन अवधिभर कर्मचारीहरु बिदामा बस्न नपाउने निर्णय गरेको छ ।

मङ्गलबार बसेको जिल्ला प्रशासन कार्यालय मलङ्गवामा सम्पन्न बैठकले फागुन २१ को प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न सबै राष्ट्रसेवक कर्मचारीलाई चुनाव अवधिभर बिदामा बस्न नदिने निर्णय गरेको हो ।

निर्वाचनमा खटाइएको स्थानमा खट्ने/खटाउने प्रबन्ध मिलाइ आ-आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्दै प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई सफल बनाउने कार्यालय प्रमुखहरुको बैठकले निर्णय गरेको छ ।

निर्वाचनका लागि सर्लाहीका ६२८ मतदान केन्द्रमा तीन हजार ७६८ कर्मचारी खटाइँदै छ । यस्तै बैठकले निर्वाचन प्रयोजनका लागि अत्यावश्यक हुने सवारी साधन जुनसुकै बेला



आवश्यक परी माग गर्नुपर्ने भएकाले आफ्ना कार्यालयमा रहेका सवारी साधनहरु चालु अवस्थामा राखी माग भए बखत तत्काल उपलब्ध गराउने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी एवम् सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

सहायक सिडिओ घिमिरेका अनुसार मङ्गलबारको बैठकले पूर्वाधार विकास कार्यालय मलङ्गवामा कार्यरत सब-इन्जिनियर प्रमोदकुमार यादवको अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या गरिएको घटनाप्रति दुःख व्यक्त गरेको छ । प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको अध्यक्षतामा सम्पन्न निर्वाचन लक्षित कार्यालय प्रमुखहरुको बैठकले राष्ट्रसेवक कर्मचारीले सेवा प्रवाहको कारण सेवाग्राही वा अन्य कुनै पक्षबाट कुनै प्रकारको असुरक्षा महसुस भएको अवस्थामा प्रमुख जिल्ला अधिकारी वा सुरक्षा निकाय समक्ष तत्काल जानकारी गराउने निर्णय गरेको छ ।

फागुन २१ को प्रतिनिधि सभा सदस्य निर्वाचन आउन अब दुई साता बाँकी रहँदा जिल्लामा यस प्रकारका बैठकसहित तयारीका काम तीव्र रुपमा भइरहेका छन् ।

# निर्वाचनमा निष्पक्ष रहन सञ्चारमाध्यमलाई आग्रह

सप्तरी, ६ फागुन । स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्न पत्रकार तथा सञ्चारगृहले निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन्।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै कुनै पनि मिडिया वा पत्रकार अमुक दल वा उम्मेदवारको प्रचारमा संलग्न हुन नहुने उनीहरूको भनाइ थियो। सबै पक्षले आचारसंहिता पालना गरेमात्र निर्वाचन सफल र विश्वसनीय बन्नेमा उनीहरूले जोड दिए।

राष्ट्रिय समाचार समिति (रासस) को ६५औँ वार्षिकोत्सवका अवसरमा राजविराजमा बुधबार आयोजित 'निर्वाचन आचारसंहितामा सञ्चार' विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल ले मतदाता शिक्षासम्बन्धी सामग्री मिडियामार्फत प्रभावकारी




रूपमा प्रवाह गर्नुपर्ने बताए। यसले मतदातालाई आफूले मन पराएको उम्मेदवार छनोट गर्न सहज बनाउने उनको भनाइ थियो।

निर्वाचनलाई स्वच्छ र निष्पक्ष रूपमा सम्पन्न गराउने दायित्व सबैको भएकाले उम्मेदवारदेखि पत्रकारसम्मले स्वनियमनको सिद्धान्त अपनाउनुपर्ने उनले उल्लेख गरे।

अन्तरक्रियामा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव ले केही सञ्चारमाध्यम र पत्रकार आचारसंहिताविपरीत चुनावी प्रचारमा संलग्न भएकोप्रति चिन्ता व्यक्त गर्दै निष्पक्ष र जिम्मेवार पत्रकारितामा जोड दिए। रासस राजविराजका प्रमुख शम्भुप्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका पूर्वअध्यक्ष विष्णुकुमार मण्डल, बैद्यनाथ झा, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनयकुमार लाल कर्ण, प्रेस मञ्च नेपाल सप्तरीका अध्यक्ष धर्मपाल राउत लगायतले तथ्यमा आधारित र सन्तुलित समाचार सम्प्रेषण गर्नुपर्ने धारणा राखे।

कार्यक्रममा राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुलचन्द्र न्योपाने, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक रोशन बुढाथोकी तथा विभिन्न सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, ७४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३७४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४